ज्ञान शील एकता

# प्राज्ञिक विद्यार्थी परिषद्, नेपाल

## केन्द्रीय कार्यकारिणी समिति बैठक

## १३-१४ मंसीर, २०६६, गौशाला, काठमाडौं

**प्रस्ताव क्रमाङ्क-१**

## शिक्षा नीति र सरकारको भूमिका

दक्षिण एशियामै स्वतन्त्र राष्ट्रको रूपमा आफ्नो अस्तित्व जोगाउन सफल राष्ट्र नेपालमा कुनै समयमा शिक्षाले महत्वपूर्ण स्थान पाएको थियो । शिक्षाले व्यक्ति, समाज र राष्ट्रको संस्कार, रीतिरिवाज, परम्परा र मूल्य मान्यता एवं सामाजिक, आर्थिक तथा राजनीतिक विकास दह्रिलो बनाउन महत्वपूर्ण भूमिका खेलेको सर्वविदितै छ । तर विशेष गरेर भारत अंग्रेजको औपनिवेशिक राष्ट्र बनेपछि भारतवर्षमा विश्वमा कहलिएको सुन्दर वृक्षरूपी शिक्षा र शिक्षापद्धतिलाई किनारा लगाउने क्रम शुरू भयो । दक्षिण एशियामै पश्चिमी शैलीको शिक्षा प्रणालीले व्यापक रूपमा प्रभाव पार्‍यो र नेपाल त्यसबाट अछुतो रहन सकेन । आफ्नो मौलिक शिक्षा प्रणालीलाई समयानुकुल परिमार्जन गरी लागू गर्नुको साटो पाश्चात्य शिक्षालाई अनुकरण गर्नाले नै आजभोलि नेपालमा शिक्षाक्षेत्रले देशको आर्थिक, सामाजिक, राजनीतिक क्षेत्रको विकासमा खासै योगदान पुर्‍याउन सकेको छैन । अझ World Trade Organisation को सदस्य बनेपछि शिक्षालाई विस्तारै GATS (General Agreement on Trade in Services) अन्तर्गत राखी सेवाभन्दा पनि व्यापारिक विषयवस्तुको रूपमा लिइन थालेको छ । मौलिक पाठ्यक्रमहरूलाई विस्तारै ओझेलमा पार्ने क्रम बढ्दो छ । जुन दीर्घकालमा राष्ट्रका लागि हानिकार सिद्ध हुनेछ ।

यसै पृष्ठभूमिमा प्राज्ञिक विद्यार्थी परिषद्, नेपालको यो केन्द्रीय कार्यकारिणी समितिको बैठकले शिक्षालाई समाज अनुकूल बनाई नेपाललाई विकासको मार्गमा लैजान नेपाल सरकारको ध्यानाकर्षण गराउँदै निम्न मागहरू राख्दछ :

१. एक्काइसौं शताब्दीमा शिक्षालाई व्यापारिक वस्तुको रूपमा लिइएको तथ्य शिक्षालाई GATS मा समावेश गर्नुले जनाउँछ । शिक्षाजस्तो सेवाप्रदाय चिजलाई व्यापारिक वस्तुको रूपमा व्यवहार गर्दा आज स्वयं GATS को समर्थनमा लागेका प्रमुख राष्ट्र अमेरिका, जापान तथा यूरोपियन राष्ट्रका शैक्षिक संस्थाहरूले आफ्नो आम्दानी त बढाउन सफल भएका छन् तर त्यहीका जनता चर्को शुल्क तिर्नुपर्ने, ऋण लिएर अध्ययन गर्नुपर्ने स्थिति जस्ता अवस्थाबाट चिन्तित एवं दुखी हुँदै गएका छन् । पहिलेको तुलनामा शिक्षा प्राप्त गर्न कठोर परिश्रम गर्नुपर्ने अवस्थाको सिर्जना भएको छ । साथै विश्वविद्यालय/शिक्षण संघसंस्थाबाट गरिने अध्ययन अनुसन्धान social Interest भन्दा Business/Corporate Interest मा केन्द्रित हुनेक्रम बढेको पाइन्छ । उदाहरणका लागि Medical Research मा फर्मास्युटिकल कम्पनीको interest अनुसार उत्पादित औषधीको बेफाइदालाई ढाकछोप गरी उक्त उत्पादनलाई किन्न प्रोत्साहन हुने सामग्रीलाई प्राथमिकता दिने गरेको तथ्य नौला होइनन् । त्यस्तै शिक्षालाई व्यापारको वस्तुको रूपमा व्यवहार गरिएमा समाजलाई आवश्यक पर्ने शिक्षाबाट फाइदा नहुने भएमा त्यस्तो शिक्षा दिने निकाय/संस्था नहुनेहुँदा त्यस किसिमको शिक्षा लोप हुने खतरा अत्यन्तै प्रबल हुन्छ । नेपालमा संस्कृत र नैतिक शिक्षाले गौण स्थान पाएका छन् जुन हाम्रो सामाजिक धरातल अनुसार अति आवश्यक मानिन्छन् । त्यस्तै इतिहास, भूगोल, धर्म-संस्कृति, समाज एवं राजनीतिशास्त्र तथा राष्ट्रियता संग जोड्ने सांस्कृतिक धरोहर, मूल्य मान्यताका विषयलाई संरक्षित गर्ने जस्ता मौलिक विषय पढ्ने विद्यार्थीहरूको संख्या र त्यस्ता विषय पढाउने कलेजको संख्या पनि विस्तारै घट्दै जानेछ । यस्ता तथ्यप्रति सरकार सचेत हुनु आवश्यक छ । यसैले नेपालले शिक्षालाई GATS को परिधिभित्र राख्न नहुने ठहर गर्दै प्राज्ञिक विद्यार्थी परिषद्, नेपालको यो केन्द्रीय कार्यकारिणी समितिको बैठक नेपाल सरकारसँग सोही अनुरूपको शिक्षानीति अवलम्बन गर्न माग गर्दछ ।

२. विश्वमा शिक्षा क्षेत्रमा बढ्दै गएको प्रतिस्पर्धालाई ध्यानमा राखी नेपालमा सञ्चालित Public Campus को संरक्षण, संवर्द्धन तथा गुणस्तरीयता अभिवृद्धि गर्न एउटा छुट्टै Public University को स्थापना गर्नुपर्ने ।

३. त्रिभुवन विश्वविद्यालयले प्रवीणता प्रमाणपत्र तह हटाउने भने तापनि अझै प्रमाण पत्र तह हटाई त्यसको विकल्प प्रस्तुत गर्न खासै ठोस पहल गरेको छैन । जसै राती उसै बुढी ताती भन्ने उखानको सिको गर्ने परम्परा अन्त्य गरी त्रिविविलाई समयमै उक्त कुरामा विद्यार्थी, शिक्षक, प्राध्यापक, बुद्धिजीवी एवं अन्य आम नागरिकको अभिमत लिई सबैको पक्षमा हित हुने किसिमको निकासको बाटो खोज्नतर्फ पहल गर्न दबाद दिइनुपर्ने । साथै आंगिक क्याम्पस भएका केही स्थानका माध्यामिक विद्यालयलाई एचयकयतभ गरी त्रि.वि सरह Nominal Fees मा पढ्न पाउने व्यवस्था मिलाउनु पर्छ त्यस पश्चात आंगिक क्याम्पस नभएका क्षेत्रका अन्य माध्यामिक विद्यालयलाई पनि

Promote गरिसके पछि मात्र सम्बन्धन प्राप्त क्याम्पसमा पनि परीक्षणको रूपमा बिस्तारै प्रमाण पत्र तहलाई एजबकभ यगत गर्दै जानुपर्छ ।

४. विश्वविद्यालय अनुदान आयोगको Quality Assurance and Accreditation Committee (QAAC) को कार्यलाई प्रभावकारी तथा पारदर्शी बनाउनुपर्ने । साथै QAAC को Procedure (कलेजको गुण्स्तर निर्धारण गन]{ Procedure सम्बन्धी देशभर चर्चा एवं बहस चलाइनुपर्ने ।

५. विश्वविद्यालयका उपकुलपति जस्तो मर्यादित पदमा आसिनरत व्यक्तिमाथि विद्यार्थीबाट दुर्व्यवहार हुँदा पनि विद्यार्थीमाथि कारवाही नहुनुले कानुनी राज्यको उपहास भएको छ । दिन प्रतिदिन विभिन्न जिल्लाका क्याम्पस प्रमुख, विद्यालय शिक्षक, प्रधानाध्यापक आदि माथि विद्यार्थीबाट हुने अत्यन्त निकृष्ट व्यवहारले शिक्षा क्षेत्रको शैक्षिक वातावरण बिगार्दै गएको छ । त्यसैले यस्तो प्रवृत्तिको अन्त्य गरी राम्रो शिक्षण वातावरण बनाउँदै दण्डहीनताको अन्त्य गर्न विद्यार्थी संगठनका पदाधिकारी, शिक्षा मन्त्रालयका प्रतिनिधि, विश्वविद्यालयका प्रतिनिधि, स्वतन्त्र शिक्षाविद्, स्थानीय जिल्लाका प्रमुख जिल्ला अधिकारी सम्मिलित एक समिति गठन गर्नुपर्ने ।

६. त्रिभुवन विश्वविद्यालयले हालसालै कुनै आधार विना नै अध्ययन अनुसन्धान एवं छलफल नै नगरी एक्कासी १० गुणासम्म स्नातक (रू. ५० बाट रू.५००।-)तह र स्नातकोत्तर तहको शिक्षण शुल्क (रू.६० बाट रू.७००।-)बृद्धि गर्ने निर्णय गरेकोले के बुझिन्छ भने राजनीतिकरूपमा प्रेरित भएर यो निर्णय गरेको देखिन्छ जसले न्यून आय भएका विद्यार्थीहरूको भविष्य धरापमा परेको छ र गरीबहरूले पढ्न पाउनु पर्ने अवसर र शिक्षा सबैका लागि नैसर्गिक अधिकार हो भन्ने अवसरबाट वञ्चित गराएको छ । १८ वर्षको त्रिविविको आर्थिक बोझ, भर्ना शुल्क, मासिक शुल्क र पुस्तकालय शुल्कमा अत्याधिक बृद्धि गरी एकैचोटी विद्यार्थीमाथि थोपर्ने कार्य भएकोमा त्रिविविको यस्तो कठोर निर्णयप्रति प्राज्ञिक विद्यार्थी परिषद्, नेपालको यो केन्द्रीय कार्यकारिणी समितिको बैठक घोर आपत्ति प्रकट गर्दछ । शुल्क बढाउँदैमा मात्र शैक्षिक गुणस्तर बढ्ने होइन भन्ने तथ्य सबैलाई थाहा भएकै कुरा हो । त्रिभुवन विश्वविद्यालय जस्तो देशकै उच्च शैक्षिक संस्थाले शुल्क बढाउनु बाध्यता हो भन्दै एक्कासी १० गुणा बढी शुल्क बढाउनुले त्रिविविको आन्तरिक व्यवस्थापनपक्षको कमजोरीपन उजागर भएको छ । तर केही महिनाअघि प्रवीणता प्रमाणपत्र तह हटाउने आफ्नो निर्णय आफै फिर्ता लिनुपरेको तथ्यलाई त्रिविविले गम्भीरताका साथ नलिई पुन आम विद्यार्थीलाई आक्रोशित बनाउने गरी शुल्क बृद्धि गर्नुले त्रिविविप्रति प्राज्ञिक वर्गको विश्वसनीयता घट्दै गएको भान भएको छ । त्यसैल त्रिभुवन विश्वविद्यालयलाई हालै गरेको अत्याधिक शुल्क वृद्धिगर्ने निर्णयमाथि पुनर्विचार गर्न र तुरून्तै न्यायसंगतरूपमा शुल्क घटाउन प्राज्ञिक विद्यार्थी परिषद्, नेपालको यो केन्द्रीय कार्यकारिणी समितिको बैठक जोडदार माग गर्दछ ।

७. स्वतन्त्र विद्यार्थी युनियनलाई प्रत्येक वर्ष विद्यार्थी भर्ना शुल्कबाट केही रकम जाने गरेकोमा सो रकमको सदुपयोगका बारेमा स्ववियुले आम विद्यार्थीलाई जानकारी गराउनुपर्ने । साथै विश्वविद्यालय क्याम्पसका प्रत्येक विभागले विद्यार्थीबाट लिने अतिरिक्त शुल्कको सदुपयोगका बारेमा जानकारी गराउनुपर्ने व्यवस्था मिलाइनुपर्ने ।

८. नेपाल सरकारले शिक्षामा दोहोरो कर लिने व्यवस्था (१ प्रतिशत विद्यार्थी शुल्क बाट र २५ प्रतिशत शैक्षिक आयबाट) गर्नु न्यायसंगत छैन । गर्ने भूमिका के हुने भन्नेमा अन्योलता भईरहेको छ । साथै विद्यालयहरूको आन्तरिक व्यवस्थापनमा सरकारको तथा राजनीतिक दलको पुरै हस्तक्षेप हुनु हुँदैन र पाठ्यक्रम सम्बन्धि सम्पूर्ण निर्णयको लागि पनि निजि विद्यालयहरूलाई पुरै स्वतन्त्रता दिनु हुदैन । निजी शिक्षण संस्थाका शिक्षकहरूलाई पनि सरकारी शिक्षकलाई जस्तै समय समयमा तालिम दिने जस्ता दायित्व सरकारले लिनुपर्ने ।

९. त्रिविविको शैक्षिक क्यालेन्डर पूर्णरूपमा लागू गर्न सबै राजनीतिक दलका भातृसंस्था (विद्यार्थी संगठन), स्वतन्त्र विद्यार्थी संगठन तथा त्रिविवि एवं शिक्षा मन्त्रालयका सम्बन्धित पदाधिकारीलाई प्रतिबद्ध बनाइनुपर्ने । परीक्षा समयतालिका सार्न बाध्य पार्ने, वर्षैभरी प्रशासनलाई दबाब दिई विद्यार्थी भर्ना गराउने जस्ता गलत प्रवृत्तिको अन्त्य गर्न दबाब दिइनुपर्ने ।

१०. नेपाल संस्कृत विश्वविद्यालयमा अध्ययनरत विद्यार्थीहरूको शैक्षिक गुणस्तर खस्कदै गएकोले संस्कृत विश्वविद्यालयस्तरको शैक्षिक वातावरण बनाउन जोड दिइनुपर्ने । संस्कृत विश्वविद्यालयमा छात्रवृत्ति पाइने लोभमा विभिन्न विद्यार्थी संगठनको आडमा अध्ययन गर्न चाहने विद्यार्थीहरूको संख्या बढेको र बढ्दै गएकोमा यसप्रति कडा निगरानी राखी शैक्षिक वातावरणमा सुधार गरिनुपर्ने ।

११. उच्च माध्यमिक शिक्षा परिषद्, त्रिविवि जस्ता प्रतिष्ठित शिक्षण संस्थाले लिने परीक्षाका प्रश्नपत्र बाहिरिनु र परीक्षा रद्द हुनु राम्रो होइन । त्यसैले परीक्षाजस्तो संवेदनशील विषयवस्तुको महत्वमाथि खेलवाड गरिनु कदापि उचित ठहरिदैन । त्यसैले प्रश्नपत्र बाहिरिन नदिने व्यबस्था मिलाउनुपर्ने र बाहिरिएमा सम्बन्धित संस्था/व्यक्तिलाई सरकारले कडाभन्दा कडा कारवाही गर्ने व्यवस्था मिलाउनुपर्ने ।

१२. उच्च मा. वि., स्नातक तह लगायत विभिन्न तहका विभिन्न विषयका पाठ्यपुस्तकहरूको अत्याधिक रूपमा प्रकाशन हुने क्रम बढेकोमा तिनको गुणस्तर निर्धारण गर्ने निकाय बनाइनुपर्ने र समय समयमा गुणस्तर परीक्षण गरिनुपर्ने ।

१३. सबैका लागि शिक्षा जस्ता शैक्षिक कार्यक्रमलाइ प्रभावकारीरूपमा कार्यान्वयन गर्नुपर्ने । साथै धार्मिक संघ-संस्थाले चलाएका विद्यालय(जस्तै मदरसा)माथि निगरानी राखिनुपर्ने । मदरसाले सरकारले दिएको शिक्षक कोटा सुविधाको पनि सदुपयोग गर्न नचाहेको र नगरेको गुनासो समाजमा आएकोमा यसप्रति सरकारले गम्भीर ध्यान दिनुपर्ने ।

१४. हालै समाजमा देखा परेको जातिगत, भाषागत र क्षेत्रगत विभेदलाई अन्त्य गर्न सहयोग पुऱ्याउने खालका विषयवस्तुहरू माध्यमिक शिक्षा स्तरका पाठ्यक्रममा समावेश गराइनुपर्ने ।

१५. बौद्धिक वर्गलाई स्वदेशमै बसी कामगर्ने वातावरण बनाई Brain Drain हुनबाट रोक्नुपर्ने ।

दक्ष जनशक्तिको उत्पादन त्यतिबेला मात्र हुनसक्छ जब देशमा समयानुकूल शिक्षा क्षेत्रको विकास गर्न सकिन्छ । शिक्षा क्षेत्रलाई अनावश्यक दलगत राजनीतिक हस्तक्षेपबाट मुक्त राख्न सकिन्छ । त्यसैले देश अनुकूलको शिक्षा प्रणालीको अनुसरण र अवलम्बन गर्दै गुणस्तरीय र प्रतिस्पर्धात्मक शिक्षा दिने वातावरणको निर्माण गर्न प्राज्ञिक विद्यार्थी परिषद्, नेपालको यो केन्द्रीय कार्यकारिणी समितिको बैठक नेपाल सरकारलाई आग्रह गर्दछ । साथै माथि उल्लेखित मागहरूप्रति तुरून्त सम्बोधन गर्न नेपाल सरकारसँग माग गर्दछ ।

ज्ञान शील एकता

# प्राज्ञिक विद्यार्थी परिषद्, नेपाल

## केन्द्रीय कार्यकारिणी समिति बैठक

## १३-१४ मंसीर, २०६६, गौशाला, काठमाडौं

**प्रस्ताव कमाङ्क-२**

## देशको वर्तमान परिदृश्य र सरकारको भूमिका

नेपालको राजनीतिक परिवर्तन, लोकतन्त्रको स्थापना लामो समयपछि प्राप्त भएको संविधानसभाको निर्वाचनबाट आम नेपाली जनताले ठूलो उत्साह र थुप्रै महत्वाकांक्षी अपेक्षाहरू राखेका थिए तर संवधानसभाको निर्वाचन सम्पन्न भएको २ वर्ष बितिसक्दा पनि संविधान निर्माण प्रक्रियाले गति लिन नसक्नु, मूलरूपमा संविधानसभाको निर्वाचन संविधान निर्माण गर्न बनेको हो, बहुमत र अल्पमतमा सरकार परिवर्तनका लागि होइन भन्नेसम्म बुझ्न नसक्नुले नेतृत्व पंक्तिको अपरिपक्वता स्पष्ट देखिन सकिन्छ ।

लोककल्याणकारी राज्यको अवधारणामा चलेको कुनैपनि सरकारले आफ्ना नागरिकको आधारभूत आवश्यकता पूरा गर्नेलाई आफ्नो दायित्व ठान्नुपर्दछ । तर राजनीतिक नेतृत्व र देशका सचिवहरूले ५० लाखदेखि १.५० करोडसम्मका चिल्ला गाडी चढेर काठमाडौंमा हुइकिदा कर्णालीका जनताले एक पोका नुनको लागि दुई दिनको बाटो हिंडेर ५०० रूपिँया तिर्नुपर्ने अवस्थाले राष्ट्रको गैरजिम्मेवारी र जिम्मेवार तहमा बसेकाहरूको राष्ट्रियताप्रतिको कमजोर वैचारिक अवस्थाको चरित्र छर्लङ्ग भएको छ ।

एउटा देशको संवैधानिक नमुना (Model) अर्को देशमा हु-बहु लागू हुन सक्दैन । हरेक देशको आ-आफ्नो संस्कृति, भेषभूषा, मान्यता र भू-राजनीतिसँग जोडिएका विषयवस्तुहरू  हुन्छन् । नेपालको आफ्नै विशिष्ट भू-सांस्कृतिक, राजनीतिक पहिचान छ । हाम्रा आफ्नै मान्यताहरू छन् । तिनीहरूलाई अब बन्ने नयाँ संविधानमा सुरक्षित गर्नु राष्ट्रको परम कर्तव्य हो । त्यसैले समयमै लोकतान्त्रिक संविधानको निर्माण गर्न र आफ्नो मौलिक राष्ट्रियताको सुरक्षा गर्नका लागि नेपाल सरकार र संविधान निर्माण समितिसँग प्राज्ञिक विद्यार्थी परिषद्, नेपालको यो केन्द्रीय कार्यकारिणी समितिको बैठक जोडदार माग गर्दछ ।

२०६२ मंसीर ८ गते माओवादी र अन्य दलहरूबीच भएको १२ बुंदे सम्झौता र दुबैले पालना गर्नुपर्ने विषयमा जिम्मेवार नदेखिनु, माओवादी लडाकुहरू अनमिनले प्रमाणित गरेका हतियार खुलेआम बाहिर लिएर चाहार्नु, त्यसमा सरकारको पक्षबाट कुनै कारवाही नहुनुले सरकारको लाचारीपन र गृहमन्त्रालयको सुरक्षा संयन्त्रमाथि नै गम्भीर प्रश्नचिन्ह खडा भएको छ ।

नेपालको आन्तरिक राजनीतिमा आफ्नोऔपचारिक दायरालाई नाघी अनमिनले नेपाली राजनीतिमा सत्ता परिवर्तनमा आफ्नो निर्णय लागू गर्न खोज्नुजस्तो व्यवहारले राष्ट्रसंघमाथि प्रशस्त शंका उत्पन्न भएकोप्रति प्राज्ञिक विद्यार्थी परिषद्, नेपालको यो केन्द्रीय कार्यकारिणी समितिको बैठकमा गम्भीर ध्यानाकर्षण भएको छ ।

नागरिक सर्वोच्चताको विषय उठाइरहेका माओवादीले ३७ दिनसम्म नागरिक सर्वोच्चताको केन्द्र संसदलाई चल्न नदिनुले माओवादीको लोकतन्त्रप्रतिको निरन्तर दोहोऱ्याइरहने प्रतिबद्धताको सुगा रटाईले मुखमा  रामराम र बगलीमा छुरा चरित्र छर्लङ्ग भएको र गम्भीर षड्यन्त्रको खेल भइरहेको परिषद्ले लिएको छ । जातीय, क्षेत्रीय मुक्ति भन्दै नेपाली जनताहरूको एकतालाई टुक्र्याएर एउटा नेपाली भाईलाई अर्कोको बिरूद्धमा संगठित गर्ने केही राजनीतिक पार्टी र विभिन्न अन्तर्राष्ट्रिय संघ-संस्थाहरूप्रति प्राज्ञिक विद्यार्थी परिषद्, नेपालको यो केन्द्रीय कार्यकारिणी समितिको बैठक घोर आपत्ति प्रकट गर्दछ । पाँच-पाँच  महिना सम्म बजेट पास हुन नदिई जनताका सम्पूर्ण कार्यहरू र विकासका कार्यक्रमलाई रोक्ने माओवादीको व्यवहारले उनीहरू जनताको पार्टी होइन, जनताको मुक्ति चाँहदैनन्, पार्टीका कार्यकर्ता र वाईसिएलको मुक्ति चाहन्छन् भन्ने प्रष्ट भएको छ । नेपाली जनताहरूको एकतालाई भंग गर्ने र राष्ट्रलाई घात गर्ने जुनसुकै तत्वहरूलाई निष्क्रिय पार्न हामी सबै सदैव कटिबद्ध रहेको पनि जानकारी गराउन चाहन्छौं ।

लिम्बुवान, खुम्बुवान, ताम्सालिङ, नेवा दलित जनजातिका सस्ता नारा दिएर स्वार्थबाट प्रेरित राजनीतिक फाइदा लिने र नेपाल आमाको अस्तित्वलाई समाप्त गर्न चाहने देशी विदेशी शक्तिहरूको चंगुलमा फसेर नेपालको मौलिक

सांस्कृतिक पहिचानलाई समाप्त गर्न उद्वत राष्ट्रद्रोही, गासवादी र विखण्डनवादी कुतत्वहरूलाई निष्क्रिय पार्न सरकारले तुरून्त ठोस कदम चाल्दै राष्ट्रिय संयन्त्रको निर्माण गरी व्यापक राष्ट्रिय जानजागरण तथा राष्ट्रियताको भावनात्मक एकता कार्यक्रम ल्याउन प्राज्ञिक विद्यार्थी परिषद्, नेपालको यो केन्द्रीय कार्यकारिणी समितिको बैठक जोडदार माग गर्दछ ।

पूर्वीय आदर्श र मूल्य मान्यतामा समाजको शक्ति मानिने परिवारलाई आधुनिकता र मिशिनरी शक्तिले विस्तारै कमजोर बनाउँदै लानु र धर्म निरपेक्षताको नाममा विदेशी डलरको आडमा व्यापक धर्मान्तरण गरी नेपालको सांस्कृतिक एकता र नेपाली मौलिकतामाथि गरिन लागेको गम्भीर आक्रमणप्रति प्राज्ञिक विद्यार्थी परिषद्, नेपालको यो केन्द्रीय कार्यकारिणी समितिको बैठक घोर आपत्ति प्रकट गर्दछ ।

सत्ता टिकाउनको लागि प्रधानमन्त्रीले कर्मचारी कुट्ने कृषिमन्त्री करिमा बेगमलाई भने मुस्लिम संगठनको प्रेसरमा आएर प्रधानमन्त्रीले कारबाही नगर्नु भन्ने निर्णय धार्मिक अतिवादबाट प्रभावित भएको छर्लङ्ग देखिन आएको छ । यसले दीर्घकालीनरूपमा गम्भीर समस्या ल्याउने हुँदा आम नेपाली जनतालाई सचेत रहन पनि परिषद् आग्रह गर्दछ । राष्ट्रसेवक माथि गरिएको निकृष्ट व्यवहारप्रति सरकारले तत्कालै कुनै पनि कारवाही नगर्नु आफ्नो कुर्सी जोगाउने खेल भएको स्पष्ट देखिन्छ । कुशल राजनीतिक नेतृत्वले सरकार टिकाउने ध्याउन्न राखेर होइन सत्यको पक्षमा विवेकसम्मत निर्णय लिएर अगाडि बढ्न सक्नुपर्छ भन्दै नेतृत्व पंक्तिलाई प्राज्ञिक विद्यार्थी परिषद्, नेपालको यो केन्द्रीय कार्यकारिणी समितिको बैठक सुझाव दिन चाहन्छ ।

लामो समयदेखि सिमा विवादलाई लिएर केही राजनीतिक तत्वहरूले सिमा विषयलाई केवल राजनीतिक हतियारको रूपमा प्रयोग गर्ने र दुवै देशको सम्बन्धमा गम्भीर संकट खडा गर्ने भित्रि षड्यन्त्रका साथ प्रत्येक वर्ष उनीहरूका लागि दशैं आए जस्तै ल्याउने सिमा विवादलाई नेपाल सरकारले तत्काल गम्भीरताका साथ दुवै देशका बीच उच्चस्तरीय कुटनीतिक संयन्त्र खडा गरी समस्यालाई सँधैका लागि अन्त्य गरी दुवै देशको बीचमा असल छिमेकीको सम्बन्ध स्थापना गरी दुवै देशको विकास, सुरक्षा र शान्तिको लागि नङ र मासुको सम्बन्ध बनाउन प्राज्ञिक विद्यार्थी परिषद्, नेपाल सरकार संग माग गर्दछ ।

WTO/Globbalization जस्ता रणनीतिक शब्दजालमा नेपालले आफ्नो आन्तरिक आर्थिक अवस्थालाई राम्रोसंग समालोचना नगरी आत्तिएर प्रवेश गर्नले वर्तमानमा देशका सम्पूर्ण उद्योग धन्दाहरू धरासायी हुँदै बन्द हुनु र अन्य बन्द हुने अवस्थामा पुगनु नीजिकरणका नाममा सरकारले आम नागरिक र उपभोक्ता प्रतिको जिम्मेवारीबाट पन्छिनुले बजारमा अत्यधिक मूल्य वृद्धि भई आम नागरिकहरू गम्भीर संकटमा परेका छन् । त्यसैले चर्को मूल्य वृद्धिलाई नियन्त्रण गर्न र जिम्मेवार सरकारको भूमिका निभाउन प्राज्ञिक विद्यार्थी परिषद्, नेपाल केन्द्रीय कार्यकारिणी समिति बैठक सरकारको गम्भीर ध्यानाकर्षण गराउन चाहन्छ ।

संविधानसभाको मूल्य मान्यता र भावना विपरीत एनेकपा(माओवादी)द्वारा एक तर्फिरूपमा विभिन्न जातीय राज्य घोषण गर्दै हिँड्ने निर्णय प्रति प्राज्ञिक विद्यार्थी परिषद्, नेपाल घोर आपत्ति प्रकट गर्दछ । र माओवादीको यो निर्णय र व्यवहारले अतिवादी निरङ्कुशताको दिशामा नेपाली राजनीतिलाई पुऱ्याउने उनीहरूको असम्भव संकुचित कम्युनिष्ट षड्यन्त्र छर्लङ्ग भएको छ ।

धर्मनिरपेक्ष राष्ट्रले धरानमा इसाईहरूले आयोजना गरेको कार्यक्रम नेपाली संस्कृतिको विरुद्धमा दशैं जस्तो राष्ट्रिय चाडको अवसरमा नेपाली जनतालाई टुक्र्याई लोभ र लालचमा धर्मान्तरण गरी ल्याईएका केही नेपाली र केही विदेशीहरूलाई बोलाई नेपाली संस्कृतिको विरुद्धमा गरिएको उक्त कार्यक्रम र सरकारले मृतक सबैलाई ५ लाख दिने निर्णय प्रति प्राज्ञिक विद्यार्थी परिषद्, नेपालको गम्भीर आपत्ति रहेको छ ।

विश्व बैंकका एक विशिष्ट अधिकारीले नेपालको आन्तरिक स्थिति पञ्चायती अवस्थामा भन्दापनि दयनीय र चौपट भएको छ भनेर टिप्पणी गरेको वर्तमान अवस्थाबाट वर्तमान राजनीतिक स्थिति र नेतृत्वमा प्रशस्त प्रश्नचिन्हहरू नेपाली जनताको मन मष्तिस्कमा खडा भएको अवस्थामा, आम नेपाली जनताले अपेक्षा गरेको शान्ति, अमन चयन र विकासका कार्यक्रमहरूलाई संस्थागत गर्न समयभित्र नै संविधान निर्माण सम्पन्न गर्न सम्पूर्ण राजनीतिक पार्टी, नागरिक समाज र सम्बन्धित निकायहरूलाई प्राज्ञिक विद्यार्थी परिषद्, नेपालको यो केन्द्रीय कार्यकारिणी समितिको बैठक इतिहासले नेपाली जनतासँग लिएको परिक्षामा सफलताको लागि यो प्रस्ताव पारित गर्दछ ।